REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 19.09.2024

---

## World Food India

खाद्य प्रसंस्करण उद्योग सम्वन्धमा चार दिवसीय कार्यक्रम वर्ल्ड फूड इण्डिया 2024 नयाँ दिल्लीको भारत मंडपममा आजदेखि शुरू भएको छ ।

खाद्य प्रसंस्करण उद्योग मन्त्रालय अनुसार यसमा नब्बे भन्दा धेरै देशहरू, छब्बीस राज्य र केन्द्रशासित प्रदेशहरू अनि अठार केन्द्रीय मन्त्रीलयले भाग लिइरहेछन् ।

यसैवीच वर्ल्ड फुड इण्डिया कार्यक्रममा सिक्किमको वाणिज्य तथा उद्योग विभागले पनि सहभागिता जनाएको छ ।

चालिस भन्दा बढ़ी उद्यमीहरूको टोलीले सूक्ष्म, लघु तथआ मध्यम उद्यम MSMF मन्त्रालयको RAMP कार्यक्रम अन्तर्गत सिक्किमका खाद्य उत्पादहरूको प्रदर्शन स्थल खड़ा गरेको छ ।

वाणिज्य तथा उद्योग विभागका अधिन प्रदर्शनी स्थलमा सिक्किमका स्वयं सहायता समूह, एस एच पी खाद्य उत्पादक संगठन, सहकारी समितिहरू र उद्यमीहरूले आ आफ्ना स्थानीय उत्पादकहरू प्रदर्शित गर्नेछन् ।

खाद्य प्रसंस्करण उद्योग मन्त्रालयद्वारा प्रधानमन्त्री सूक्ष्म योजना औपचारिकीकरण पि एम एफ एम ई का लाभार्थीहरूलाई पनि उत्पाद प्रदर्शन स्थल उपलब्ध गराइएको छ ।

यस्तो योजनाले ऋण वाहेक World Food India जस्ता प्रदर्शनीमा भाग लिनका लागि विपणन तथा ब्राण्डिङ र सहायता प्रदान गर्छ ।

बताइन्छ राज्यको वाणिज्य तथा उद्योग विभागले गत वर्ष पनि यस्तो प्रदर्शनीमा भाग लिएको थियो ।

---

PM

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ देशमा एकैचोटि चुनाउ गराउने सम्वन्धमा उच्च स्तरीय समितिका सिफारिशहरूलाई केन्द्रीय मन्त्रीमण्डलद्वारा स्वीकार गरिनु भारतीय लोकतन्त्रलाई अझै जीवन्त र सहभागी बनाउने दिशामा महत्वपूर्ण पाइला हो ।

श्री मोदीले यस प्रयासको नेतृत्व गर्ने र सम्वन्धित पक्षहरूसित परामर्श गर्नका लागि पूर्व रास्ट्रपति श्री रामनाथ कोविन्दको प्रशंसा गर्नुभएको छ ।

स्मरण रहोस केन्द्र सरकारले मन्त्रीमण्डलको बैठकमा हिजो एख रास्ट्र एक चुनाउका लागि गठित उच्च स्तरीय समितिका सिफारिशहरूलाई स्वीकार गरेको छ ।

CM

यसैवीच मुख्यमन्त्री तथा सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीका अध्यक्ष श्री प्रेमसिंह तामाङले केन्द्रीय मन्त्रीपण्डलद्वारा स्वीकृत 'एक रास्ट्र एक चुनाउ' व्यवस्थाप्रति समर्थन जनाउनुभएको छ ।

आज जारी एउटा बयानमा उहाँले भन्नुभएको छ- सारा देशमा एकैचोटि चुनाउ भएमा छरितो चुनावी प्रयास शासनव्यवस्थामा एकीकृत दृस्टिकोण र आर्थिक वृध्दि लगायत अरू महत्वपूर्ण लाभ हुनेछन् ।

श्री तामाङले भन्नुभएको छ यसले मतदाताहरूका लागि चुनावी प्रक्रियालाई सरल बनाउनेछ जसद्वारा उनीहरूको सहभागिता बढ्नेछ ।

मुख्यमन्त्री प्रधानमन्त्रीको दूरदर्शिताको प्रशंसा गर्दै यस्तो पहललाई प्रजातन्त्रलाई अझ जीवन्त र सहभागितामूलक बनाउने दिशातर्फ महत्वपूर्ण पाइला बनाउनुभएको छ ।

## Person Drowned

गेजिङ्मा हिजो दिउँसो एकजना व्यक्तिलाई रंगीत खोलाले बगाएको रिपोर्ट प्राप्त भएको छ ।

पश्चिम बंगालको जलपाइगुड़ी निवासी ती व्यक्तिले गेजिङ्मा मजदूरी गर्थे ।

खोलामा नुहाउन गएको बेला दुखद धरना भएको बताइन्छ ।

सूत्र अनुसार  उनी रंगीत नदीको किनारमा विश्वकर्माको मूर्ति विसर्जन गर्न पुगोका थिए ।

उध्दारकर्ताहरूको सहयोगमा खोजी कार्य भइरहेछ ।

---

## Bear attack

अर्कातिर, सोरेङ जिल्लाको ओख्रे नाउँ निवासी एकजना व्यक्ति आज भालुको आक्रमणवाट घाइते भएका छन् ।

प्राप्त जानकारी अनुसार भालुले पाल्तु माउ बाख्रालाई खोरमा आक्रमण गरेपछि बाख्रा कराएको सुनेर जाँदा अस्पतालमा उनको उपचार चलिरहेछ ।

जिल्लाका विभिन्न ठाउँमा यसअघि पनि भालुले आक्रमण गरेर मानिसहरूलाई घाइते बनाएको समाचार प्रकाशमा आएको हो ।

---

## Health Check Camp

महिला तथा बाल विकास विभागले केन्द्रीय आयुष मन्त्रालयको सहयोगमा गान्तोक ग्रामीण परियोजना अन्तर्गत सामालिङ्दुम माध्यमिक पाठशाला आज स्वास्थ्य जाँच शिविर आयोजन गरयो ।

यसमा आयुषका चिकित्सकहरूले रास्ट्रिय पोषण महीनावारे जानकारी दिनका साथै रक्तअल्पता र कुपोषणको प्रभाववारे अवगत गराए ।

शिविरमा विद्यार्थीहरू, शिक्षक र उपस्थित व्यक्तिहरूको पूर्ण स्वास्थ्य जाँच गरियो ।

---

## Kavi Sammelan

अखिल भारतीय कवि सम्मेलन 2024 गान्तोकको मनन केन्द्रमा आउँदो शनिवार एक्काइस सितम्बरका दिन आयोजित हुनेछ ।

सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा सिक्किम सरकारसित मिलेर यसको आयोजना रास्ट्रिय दैनिक समाचार पत्र दैनिक जागरणले गरिरहेछ ।

हिन्दी र नेपाली दुईवटा भाषामा प्रस्तुत गरिने यस प्रकारको पहिलो कार्यक्रममा सिक्किमका दुइजना र नेपालका एक लगायत भारतका विभिन्न भागका गरी बाह्रजना ख्यातिप्राप्त कविहरूको प्रस्तुती रहनेछ ।

---

## AI India

केन्द्र सरकारका प्रमुख बैज्ञानिक सल्लाहकार श्री अजय कुमार सूदले भन्नुभएको छ कृत्रिम बुध्दिमता देशको प्रगतिका लागि परिवर्तनकारी शक्ति हो ।

नयाँ दिल्लीमा आज ए आई इण्डिया कनक्लेभ 2024 लाई सम्वोध गर्दै श्री सूदले भन्नुभयो कृत्रिम वुध्दिमताको प्रयोग उचित कार्यहरूका लागि गरिएको सुनिश्चित गर्नु उद्योग जगतको सामूहिक जिम्मेवारी हो ।

उहाँले सबैसित देशका विकासका लागि ए आई क्रान्तिमा सामेल हुने आग्रह गर्नुभएको छ ।

---